# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, माघ १ गते २०५५ साल (अतिरिक्ताङ्क ६५ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरिबक्सन र प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति २०५६ साल वैशाख २० गते सोमबारका दिन तोकिबक्सन मन्त्रि-परिषद्को निर्णयसहित २०५५ साल पुस ३० गते चढाउनु भएको सिफारिश बमोजिम मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम २०५६ साल वैशाख २० गते सोमबारका दिन नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन गरिबक्सेको छ।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म कार्य संचालन गरिरहने प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले प्रति-निधि सभाको लागि हुने निर्वाचन शान्तिपूर्वक, स्वच्छ र निष्पक्ष रूपमा सफलता पूर्वक सम्पन्न गराउने आशा राखिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।

१२८१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9282